# पूर्वाञ्चल विश्वविद्यालय

## प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था
## तथा
## छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि

## २०८२

**(कार्यकारी परिषदबाट स्वीकृत)**
**मितिः २०८२।०५।०६ गते शुक्रबार**

# पूर्वाञ्चल विश्वविद्यालय

## प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय, इन्जिनियरिङ संकाय, व्यवस्थापन संकाय र कला कानुन तथा शिक्षाशास्त्र संकायका आंगिक तथा सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कूलबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित एवं संस्थागत गर्न आवश्यक भएकोले पूर्वाञ्चल विश्वविद्यालयको विभिन्न संकायमा विभिन्न समयमा संकायगत रुपमा कार्यान्वयनमा रहेको छुट्टाछुट्टै छात्रवृत्ति तथा छात्रवृत्ति प्रवेश परीक्षा विनियमावलीहरुलाई संशोधन गरी पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३(सैतीसौं सभासम्मको संशोधन सहित) को खण्ड क परिच्छेद ५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी संकाय डीन कार्यालयबाट सञ्चालन गरिने प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२ तयार गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१.१) यस कार्यविधि को नाम "प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" रहने छ।

(१.२) यो कार्यविधि पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषदबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ।

### २. परिभाषाः

छात्रवृत्ति भन्नाले पूर्वाञ्चल विश्वविद्यालयमा अध्ययन गर्ने इच्छा भएका जेहेन्दार एवं राज्यले अंगिकार गरेको समावेशीकरणको नीतिले समेटेका विभिन्न वर्ग, क्षेत्र र लिङ्गका विद्यार्थीहरुलाई छात्रवृत्तिमा तोकेबमोजिमको शुल्क छुट सुविधा दिई अध्ययनको अवसर उपलब्ध गराउने व्यवस्थालाई जनाउँछ।

(२.१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विश्वविद्यालय" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयका विज्ञान तथा प्रविधि संकाय, इन्जिनियरिङ्ग संकाय,व्यवस्थापन संकाय र कला, कानून तथा शिक्षाशास्त्र संकायको प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२ लाई जनाउँछ।

(ग) "डीन" भन्नाले संकाय डीनलाई जनाउँछ र "संकाय" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका संकाय डीन कार्यालयलाई जनाउँछ।

(घ) "प्रवेश परीक्षा" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको चिकित्साशास्त्र संकाय वाहेक अन्य सबै संकाय डीन कार्यालयहरुले संचालन गर्ने प्रवेश परीक्षालाई जनाउँछ ।

(ङ) "जेहेन्दार" छात्रवृत्ति भन्नाले विश्वविद्यालयबाट सञ्चालित छात्रवृत्ति प्रवेश परीक्षामा खुल्ला तर्फ आवेदन दिई नियमानुसार कायम हुने योग्यताक्रमको आधारमा विद्यार्थीले पाउने छात्रवृत्तिलाई जनाउँछ।

(च) "आरक्षित" छात्रवृत्ति भन्नाले नेपाल सरकारले तोके बमोजिमको मापदण्डमा रही पछाडी परेका वर्ग, क्षेत्र, जातजाति, लिङ्ग आदीलाई उपलब्ध गराईने छात्रवृत्तिलाई जनाउँछ।

(छ) "छात्रवृत्ति प्रवेश परीक्षा" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय संकाय डीन कार्यालयले सञ्चालन गर्ने छात्रवृत्ति प्रवेश परीक्षालाई जनाउँछ।

(ज) "छात्रवृत्ति प्रवेश परीक्षा समिति" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय संकाय डीनको सिफारिसमा उपकुलपतिले छात्रवृत्ति प्रवेश परीक्षा सञ्चालन गर्न गठन गरिएको समितिलाई जनाउँछ।

(झ) "स्नातक तह" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत हाल सञ्चालित स्नातक तहका कार्यक्रमहरुलाई जनाउँछ।

(ञ) "स्नातकोत्तर" तह भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत हाल सञ्चालित स्नात्तकोत्तर तहका कार्यक्रमहरुलाई जनाउँछ।

(ट) "योग्यताक्रम (Merit List)" भन्नाले छात्रवृत्ति प्रवेश परीक्षामा प्राप्त प्राप्तांक अनुसार सवैभन्दा बढी अंक ल्याउनेलाई पहिलोक्रममा राखी तयार गरिएको विद्यार्थीहरुको सूचीलाई जनाउँछ।

(ठ) "सरकारी/सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारको अनुदानमा वा समुदायको आर्थिक सहयोगमा सञ्चालन भएका विद्यालयलाई र यसले समुदायलाई हस्तान्तरण गरेको सरकारी विद्यालयलाई समेत जनाउँछ।

(ड) "शैक्षिक संस्था" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/स्कूलहरुलाई जनाउँछ।

(ढ) "कार्यक्रम" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयबाट सञ्चालित शैक्षिक उपाधि दिने प्रयोजनको लागि शैक्षिक संस्थाहरुले सञ्चालन गरेको सम्बन्धित विषयको कार्यक्रमलाई जनाउँछ।

(ण) "शिक्षक र कर्मचारी" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको आंगिक शैक्षिक संस्था र यसका विभिन्न निकायमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई जनाउँछ।

(त) "अंकभार" भन्नाले प्रवेश परीक्षामा सम्बन्धित विषयहरुबाट सोधिने प्रश्नहरुको अंकलाई जनाउँछ।

(थ) "पूनः प्रवेश परीक्षा" भन्नाले पहिलो पटक प्रवेश परीक्षा भईसकेपछी हुने दोश्रो पटकको प्रवेश परीक्षालाई जनाउँछ।

(द) "पिछडिएको दुर्गम क्षेत्रका परीक्षार्थी" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरेको व्यक्तिलाई जनाउँछ।

(ध) "वेपत्ता पारिएका व्यक्ति तथा शहिद" भन्नाले जनयुद्ध, लोकतन्त्रका लागि सम्बत् २०६२/०६३ मा सञ्चालन भएको जनआन्दोलन, मधेश आन्दोलन लगायत लोकतन्त्रका लागि मुलुक भित्र सञ्चालित सम्पूर्ण आन्दोलन वा क्रान्तिको क्रममा वेपत्ता पारिएको वा शहिद भएको व्यक्तिलाई जनाउँछ।

(न) "घाईते" भन्नाले लोकतन्त्रका लागि सम्बत् २०६२/०६३ मा सञ्चालन भएको जनआन्दोलनको क्रममा घाईते भई अधिकार प्राप्त निकायको परिभाषा बमोजिम कम्तिमा ५० प्रतिशत अशक्त भई आजिवन अंगभंग भएका व्यक्तिलाई जनाउँछ।



पूर्वाञ्चल विश्वविद्यालय विराटनगर, मोरङ, नेपाल 2054 1995 PURBANCHAL UNIVERSITY Gothgaun, Morang, Nepal कार्यकारी परिषद्बाट स्वीकृत

## परिच्छेद -१

## प्रवेश परीक्षा र छात्रवृत्ति प्रवेश परीक्षा

३. पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ संकायबाट प्रवेश परीक्षा र छात्रवृत्ति प्रवेश परीक्षा दुवै केन्द्रीकृत रुपमा सञ्चालन गरिने छ भने अन्य संकायहरुबाट छात्रवृत्ति प्रवेश परीक्षा मात्र केन्द्रीकृत रुपमा सञ्चालन गरिने छ।

**(३.१) प्रवेश परीक्षाको आवश्यक कागजात सम्बन्धमा**

(३.१.१) संकायबाट लिइने प्रवेश परीक्षाको सूचना राष्ट्रिय दैनिक पत्रिका वा विश्वविद्यालयको वेवसाइटमा प्रकाशित गरिने छ।

(३.१.२) संकायबाट जारी भएको प्रवेश परीक्षाको सूचना अनुसार विद्यार्थीहरुले संकाय र आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था तथा कार्यक्रम छनोट गरि अनलाइन (Online) मार्फत तोकिएको समयसीमा भित्र प्रवेश परीक्षाको फारम भर्नु पर्नेछ।

(३.१.३) सम्बन्धित परीक्षार्थीले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रमका लागि विश्वविद्यालयले तोकेको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुरा गरेको हुनु पर्ने छ।

(३.१.४) विश्वविद्यालयले तोकेको मापदण्ड तथा न्यूनतम शैक्षिक योग्यता अनुसार रीत पूर्वक फाराम नभरेमा उक्त फारम स्वतः खारेज (अस्वीकृत) हुनेछ र सोको जिम्मेवारी स्वयं सम्बन्धित परीक्षार्थी हुनेछ।

(३.१.५) आरक्षित छात्रवृत्ति कोटा फारम भर्न चाहने विद्यार्थीले अनलाइन (Online) फारममा आरक्षणको कोटा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। उल्लेख नगरेको खण्डमा सो को जिम्मेवारी स्वयं सम्बन्धित विद्यार्थी हुनेछ।

(३.१.६) यसै कार्यविधिको दफा (४) को उपदफा (४.४)को बुंदा (४.४.२) अनुसार पूर्वाञ्चल विश्वविद्यालयको इन्जिनियरिङ र विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका आंगिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेज/स्कूलहरुले लिने प्रवेश परीक्षाको लागि परीक्षा फारम भरेका विद्यार्थीहरुले यसै कार्यविधिको दफा (४)को उपदफा (४.४)को बुंदा (४.४.१) अन्तर्गत गठित प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षा समितिबाट लिईने छात्रवृत्ति प्रवेश परीक्षामा सामेल हुन चाहेमा त्यस्ता विद्यार्थीहरुले छात्रवृत्तिको लागि छुट्टै परीक्षा फारम भर्न तथा थप शुल्क बुझाउनु पर्ने छैन। तर व्यवस्थापन तथा कला, कानून तथा शिक्षाशास्त्र संकाय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रमहरुमा छात्रवृत्ति प्रवेश परीक्षाकालागि आवेदन दिने परीक्षार्थीहरुले तोकिएको शुल्क सम्बन्धित संकायमा बुझाउनु पर्नेछ।

**४. प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षा समिति**

(४.१) प्रवेश परीक्षा संचालनका लागि सम्बन्धित संकायको डीनको अध्यक्षतामा प्रवेश परीक्षा तथा छात्रवृत्ति समिति गठन गरिनेछ।

(४.२) ईन्जिनियरिङ संकाय अन्तर्गत संचालित सबै शैक्षिक कार्यक्रहरुमा र विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सञ्चालित स्नातक तहको B.V.Sc.&AH शैक्षिक कार्यक्रममा सम्बन्धित डीन कार्यालयबाट प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षा दुवै सञ्चालन गरिनेछ भने विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सञ्चालित अन्य शैक्षिक कार्यक्रमहरु र अन्य संकाय अन्तर्गत संचालित सबै शैक्षिक कार्यक्रहरुको हकमा छात्रवृत्ति प्रवेश परीक्षा मात्र सम्बन्धित डीन कार्यालयबाट संचालन गरिनेछ।

(४.३) प्रवेश परीक्षा समितिले प्रवेश परीक्षा / पूनः प्रवेश परीक्षाको सम्पूर्ण प्रक्रिया पूरा गरी नतिजा प्रकाशन गर्नेछ।

(४.४) परीक्षा सञ्चालानार्थ एक शैक्षिक सत्रका लागि मात्र लागु हुने गरी एक समिति गठन गरिनेछ।

(४.४.१) सबै संकायको प्रयोजनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित संकाय डीन | अध्यक्ष |
| (ख) | सह डीन | सदस्य |
| (ग) | सम्बन्धित संकाय अन्तर्गतको क्याम्पस/कलेजको क्याम्पस प्रमुख/ डाईरेक्टर/ शिक्षकहरु मध्येबाट दुई जना | सदस्य |
| (घ) | सम्बन्धित संकायको प्रशासनिक जिम्मेवारीमा रहेका प्रमुख (प्रशासनिक समन्वयकर्ता) | सदस्य |
| दफा ४ बमोजिमको समिति गठन गर्दा खण्ड (ख) र (ग) तथा सह डीन नभएको संकायमा सदस्यहरुको नियुक्ति बरिष्ठ शिक्षकहरु मध्येबाट संकाय डीनको सिफारिसमा उपकुलपतिबाट हुनेछ। संकाय डीनले समिति सदस्यहरु मध्येबाट एक जना सदस्य सचिव तोक्न सक्नेछ। | | |

(४.४.२) पूर्वाञ्चल विश्वविद्यालय आंगिक क्याम्पसका क्याम्पस/कलेज/स्कूलहरुले लिने प्रवेश परीक्षाको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | क्याम्पस/कलेज/स्कूलको क्याम्पस प्रमुख/ डाईरेक्टर | अध्यक्ष |
| (ख) | कार्यक्रम संयोजक वा अध्यक्षले तोकेको शिक्षकहरु मध्येबाट एकजना | सदस्य |
| (ग) | प्रशासनिक जिम्मेवारी तोकिएको कर्मचारी (प्रशासनिक समन्वयकर्ता) | सदस्य- सचिव |

(४.५) प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षा समितिमा संकाय डीनले आवश्यकता र औचित्यताको आधारमा शिक्षक र कर्मचारी गरी बढीमा दुईजनासम्म बैठकमा आमन्त्रण गर्न सक्नेछन्। समितिका सदस्यहरु, आमन्त्रित सदस्यहरु (समिति सदस्य सरह) को र उपसमिति सदस्यहरुको पारीश्रमिक कार्यकारी परिषद् बाट तोकिए बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित विषयको विषय विज्ञ (सम्बन्धित विषय शिक्षक) | आमन्त्रित सदस्य |
| (ख) | सम्बन्धित संकायको लेखा प्रमुख | आमन्त्रित सदस्य |

(४.६) प्रवेश परीक्षा समितिले आवश्यकता अनुसार बिज्ञहरू र सम्बन्धित डीन कार्यालयका कर्मचारीहरू समेत रहने गरी बढीमा तीन सदस्य रहने गरी एक उपसमिति गठन गरी कार्य गर्न सक्नेछ।

(४.७) संकाय डीन प्रवेश परीक्षा समितिको संरक्षक हुनेछ।

## ५. प्रवेश परीक्षा वा छात्रवृत्ति प्रवेश परीक्षाको समय मिति तथा केन्द्र सम्बन्धमा

(५.१) प्रवेश परीक्षाको केन्द्र, मिति, समय र स्थान प्रवेश परीक्षा समितिको निर्णय बमोजिम हुनेछ। सो सम्बन्धी विस्तृत जानकारी अग्रिम रूपमा राष्ट्रिय दैनिक पत्रिका वा सम्बन्धित संकाय वा विश्वविद्यालयको वेवसाइटमा प्रकाशित गरिने छ।

(५.२) परीक्षार्थीहरूले Online बाट नै प्रवेश पत्र (Admit Card) प्रस्ट बुझिने गरि Print गर्नु पर्ने छ। साथै नेपाल सरकारबाट जारी गरिएको परीक्षार्थीको फोटो सहितको विवरण खुलेको परिचयपत्र (नागरिकता / सवारीचालक अनुमतिपत्र / राष्ट्रिय परिचय पत्र /१२ कक्षा वा डिप्लोमा वा सो सरहको अन्तिम सेमेस्टर वा वार्षिक परीक्षाको सक्कल प्रमाणपत्र मध्ये कुनै एक सहित परीक्षा संचालन हुने दिन परीक्षाहलमा उपस्थित हुनुपर्नेछ। अन्यथा प्रवेश परीक्षामा सहभागी गराइने छैन।

## ६. प्रवेश परीक्षाको अंकभार,मूल्यांकन तथा प्रवेश परीक्षा सञ्चालन

(६.१) प्रवेश परीक्षामा सबै तहमा बस्तुगत )Objective) प्रश्नहरू जम्मा १०० अंकको सोधिने छ।

(६.२) स्नातक र स्नातकोत्तर दुवै तहको प्रवेश परीक्षा वा छात्रवृत्ति प्रवेश परीक्षाको लागि तयार गरिने बस्तुगत प्रश्नहरुको लागि विद्यार्थीले अध्ययन गर्नुपर्ने Syllabus एवं प्रवेश परीक्षाको फारामको ढांचा, एवं मूल्यांकनको ढांचा संकाय डीन कार्यालयले तोके बमोजिम हुने छ।

(६.३) छात्रवृत्ति प्रवेश परीक्षा सञ्चालन गर्न Academic Calendar अनुसार तय भएको भर्ना प्रकृयाको समयावधि अनुसार असर नपर्ने गरी सम्बन्धित संकाय डीनले उपयुक्त मिति तोक्न सक्नेछ ।

(६.४) प्रवेश परीक्षामा कुनै संकाय अन्तर्गतको कुनै कलेज/क्याम्पसमा उतीर्ण भएका विद्यार्थी सोही कलेजमा भर्ना हुनु पूर्व सोही संकायको अर्को कलेज/क्यम्पसमा अध्ययन गर्न चाहेमा (सम्बन्धित कलेज/क्याम्पसले भर्ना गर्ने अनुमति दिएमा र सो कलेजको स्वीकृत सीट संख्या खाली रहेको अवस्थामा मात्र) अध्ययन गर्न सक्नेछन्।

## ७. विद्यार्थीको रजिष्ट्रेशन तथा अद्यावधिक विवरण

(७.१) पहिलो सेमेष्टर/वर्षमा सम्पूर्ण कलेजहरुको विश्वविद्यालयद्धारा स्वीकृत सीट संख्याको आधारमा छात्रवृत्ति सहित भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुको विवरण कलेज/क्याम्पसले सम्बन्धित संकाय डीन कार्यालयमा पठाउनु पर्नेछ र संकाय डीन कार्यालयले पठाएको छात्रवृत्ति सहितको भर्ना सूचीको आधारमा मात्र परीक्षा व्यवस्थापन कार्यालयले सम्बन्धित कलेजको विद्यार्थीहरुको रजिष्ट्रेशन गर्नु पर्नेछ। कलेज/क्याम्पसले छात्रवृत्ति सहितको भर्ना सूची गलत पठाएमा सो को सम्पूर्ण जिम्मेबारी सम्बन्धित कलेज/क्याम्पस हुनेछ।

(७.२) संकाय डीन कार्यालयबाट छात्रवृत्तिको प्रवेश परीक्षा सम्पन्न भई कलेज अनुसार छात्रवृत्ति सीट संख्या वितरण भईसकेपछी कार्यविधिको दफा (११) मा व्यवस्था भए अनुसार वितरण नभई सीट रिक्त रहेमा संकाय डीन कार्यालयको पूर्व लिखित स्वीकृति विना अन्य विद्यार्थीलाई भर्ना गर्न पाईने छैन। भर्ना गर्न संकाय डीनबाट स्वीकृती पाएको खण्डमा रिक्त रहेको छात्रवृत्तिको विद्यार्थी संख्याको पू.वि.को नियमानुसार कायम भएको तहगत प्रति विद्यार्थी सम्बन्धन शुल्कको दोब्बर शुल्क विश्वविद्यालयलाई बुझाउनु पर्नेछ।

(७.३) सवै आंगिक तथा सम्बन्धन प्राप्त कलेजले प्रत्येक सेमेष्टर/वर्षमा अन्तिम परीक्षाको परीक्षा फाराम भर्दा सोही सेमेष्टर/वर्षको छात्रवृत्ति (आरक्षित र जेहेन्दार) विवरण सम्बन्धित संकाय डीन कार्यालयबाट प्रमाणित गरी परीक्षा व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र सोहि वमोजिम परीक्षा व्यवस्थापन कार्यालयले नियमानुसार सम्बन्धन शुल्क लिनु पर्नेछ।

(७.४) दफा ७ को उपदफा (७.१), (७.२) र (७.३) मा गरिएको व्यवस्था कार्यान्वयनका लागि सम्बन्धित संकाय डीन कार्यालयले आफ्नो संकायमा प्रशासनिक जिम्मेवारी तोकिएको कर्मचारीको नेतृत्वमा एउटा छुट्टै प्रशासनिक एकाई तोक्नु पर्नेछ जस्ले छात्रवृत्तिको विवरण अध्यावधिक गर्ने, वार्षिक शुल्क, नवीकरण शुल्क जस्ता संकाय डीनले गर्ने अन्य तोकिएका कार्यहरु समेत कार्यान्वयन गर्नेछ।

पूर्वाञ्चल विश्वविद्यालय
कार्यकारी परिषदबाट स्वीकृत

**८. पून: प्रवेश परीक्षा सम्बन्धी व्यवस्था (इन्जिनियरिङ संकाय)**

(८.१) प्रथम प्रवेश परीक्षा पश्चात् विद्यार्थी भर्नाको समय समाप्त भइसकेपछि विश्वविद्यालयले निर्धारण गरेको कोटा (शैक्षिक कार्यक्रम अनुसार निर्धारित सिट संख्याको ५० प्रतिशत वा सो भन्दा बढी) भर्ना नभएमा सम्बन्धित संकाय डीनले सम्पूर्ण कलेजहरूको जम्मा सीट संख्या तथा बिद्यार्थीहरूको कूल भर्ना संख्यालाई विश्लेषण गरी उपकुलपति सँगको परामर्शमा पून:प्रवेश परीक्षा संचालन गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक निर्णय लिनेछ।

(८.२) प्रथम प्रवेश परीक्षाको नतिजा प्रकाशित भई भर्नाका लागि दिइएको अन्तिम समयावधि समाप्त भएको मितिले सम्भव भएसम्म तीस दिन भित्रमा विश्वविद्यालयले आवश्यक ठानेमा दोश्रो प्रवेश परीक्षा सञ्चालन गर्नेछ।

## परिच्छेद - २

## जेहेन्दार छात्रवृत्ति र आरक्षित छात्रवृत्ति सम्बन्धी व्यवस्था

**९. पूर्वाञ्चल विश्वविद्यालयद्धारा जेहेन्दार छात्रवृत्ति र आरक्षित छात्रवृत्ति गरी दुई प्रकारका छात्रवृत्ति प्रदान गरिनेछ।**

**(९.१) जेहेन्दार छात्रवृत्ति**

(९.१.१) छात्रवृत्ति प्रवेश परीक्षामा उच्चतम अंक ल्याउने विद्यार्थीलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(९.१.२) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको कलेज चयन गर्न सक्नेछन् र यसको जानकारी सम्बन्धित डीन कार्यालयको वेब साईट मार्फत कलेजलाई गराईनेछ।

(९.१.३) छात्रवृत्ति पाउने विद्यार्थीले कलेज स्थान्तरण गरेमा अध्ययनरत क्याम्पस/कलेजबाट छात्रवृत्ति उपलब्ध गराईने छैन। विद्यार्थीले विश्वविद्यालयको नियमानुसारहुने गरी तोकिएको शुल्क तिरी सामान्य विद्यार्थी सरह अन्य कलेजमा सो कलेजको स्वीकृत सीट संख्या खाली रहेको अवस्थामा मात्र विश्वविद्यालयको नियमानुसार स्थानान्तरण गरी अध्ययन गर्न सक्नेछ। तर उक्त विद्यार्थी उपदफा (९.१) को बुंदा (९.१.५) को व्यवस्था अनुसार छात्रवृत्ति पाउन भने सक्नेछ।

(९.१.४) पू.वि. संकाय डीन कार्यालयबाट लिईने स्नातकोत्तर र स्नातक तहको छात्रवृत्ति प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने योग्यताक्रममा रहेका विद्यार्थीलाई सेमेष्टर प्रणाली अनुसार सञ्चालित शैक्षिक कार्यक्रमको हकमा प्रथम सेमेष्टरमा एवं वार्षिक प्रणाली अनुसार सञ्चालित हुने शैक्षिक कार्यक्रमको हकमा प्रथम वर्षमा मात्र प्रवेश परीक्षाको नतीजा अनुसार जेहेन्दार छात्रवृत्ति उपलब्ध गराईनेछ। दुई वा वढी विद्यार्थीको समान अंक आएमा यस्तो छात्रवृत्ति दामासाहीले प्रदान गरिनेछ।

(९.१.५) सेमेष्टर/वार्षिक प्रणाली वमोजिम सञ्चालित हुने स्नातकोत्तर / स्नातक तहको शैक्षिक कार्यक्रमहरुको दोश्रो सेमेष्टर/वर्ष देखी अन्य सेमेष्टर /वर्षहरुका हकमा पू.वि. परीक्षा व्यवस्थापन कार्यालयबाट लिईने सेमेष्टर/वार्षिक परीक्षामा उच्चतम अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई जेहेन्दार छात्रवृत्ति उपलब्ध गराइनेछ।



पूर्वाञ्चल विश्वविद्यालय PURBANCHAL UNIVERSITY कार्यकारी प्रमाणीकृत

(९.१.६) जेहेन्दार छात्रवृत्तिको सीट खाली रहेको हकमा संकायबाट पूनः प्रवेश परीक्षा संचालन भएमा पूनः प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई समेत प्रदान गरिनेछ ।

(९.१.७) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीले तोकिएको सेमेष्टर/वर्षमा पाउने छात्रवृत्ति सोही सेमेष्टर/वर्षमा आरक्षित छात्रवृत्ति पाउने विद्यार्थी सरह हुनेछ ।

(९.१.८) जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीबाट विश्वविद्यालयले नियम अनुसार लिईने शुल्क वाहेक सम्बन्धित कलेजले अन्य कुनै पनि शीर्षकमा कुनै शुल्क लिन पाउने छैन । सो वाहेक कलेजले अन्य अतिरिक्त शैक्षिक क्रियाकलापहरु जस्तै शैक्षिक भ्रमण, औद्योगिक भ्रमण, सामाजिक क्रियाकलापहरु सञ्चालन गरेमा कलेजलाई अतिरिक्त शुल्क लिन यस नियमले बाधा पार्ने छैन । पाठ्यक्रममा तोकिएको बाहेक अन्य अतिरिक्त क्रियाकलापहरु गर्नुपूर्व सम्बन्धित संकाय डीनको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## १०. आरक्षित छात्रवृत्ति

(१०.१) पूर्वाञ्चल विश्वविद्यालय संकायबाट लिइने छात्रवृत्ति प्रवेश परीक्षामा उतीर्ण भएका विद्यार्थीहरु मध्ये आरक्षित छात्रवृत्तिको नतिजा अनुसार योग्यताक्रमको आधारमा उपलव्ध गराईने छ । प्रथम प्रवेश परीक्षाबाट विद्यार्थी भर्ना समाप्त हुँदा उक्त आरक्षित छात्रवृत्ति कोटा खाली रहेको खण्डमा संकायबाट पूनः प्रवेश परीक्षा संचालन भएमा पूनः प्रवेश परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरु मध्येबाट आरक्षित छात्रवृत्तिको नतिजा अनुसार योग्यताक्रमको आधारमा प्रदान गरिने छ र प्रथम प्रवेश परीक्षाको योग्यता सूचीमा परेकाले छात्रवृत्ति दाबी गर्न पाउने छैन ।

(१०.२) आरक्षित छात्रवृत्तिमा आवेदन गर्नका लागि नेपाली नागरिक भएको हुनु पर्ने छ र आवेदन गर्नका लागि तपसिलका समूहले प्रतिस्पर्धा गर्न पाउनेछन् ।

(क) दलित (ख) जनजाति (ग) पिछडिएको दुर्गम क्षेत्रका वासिन्दा (घ) अपाङ्ग (ङ) महिला (च) विपन्न वर्ग (छ) जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते (ज) मधेशी (झ) मुसलमान (ञ) द्वन्द पिडित तथा विस्थापित (ट) पूर्व कमैया/ हलिया (ठ) एकल महिला (ड) आदिबासी (ढ) वेपत्ता पारिएका व्यक्ति (ण) शहिदका परिवार

(१०.३) आरक्षित छात्रवृत्ति पाउने विद्यार्थीहरूलाई अध्ययनका क्रममा पू.वि. परीक्षा व्यवस्थापन कार्यालयले लिने रजिष्ट्रेशन शुल्क (एक पटक), परीक्षा शुल्क (प्रत्येक सेमेष्टर/वर्ष), सुरक्षण शुल्क (Refundable Deposit) (एकपटक) वाहेक अरू कुनै शुल्क कुनै पनि निकायले लिन पाउने छैन ।

(१०.४) आरक्षित छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले पूर्वाञ्चल विश्वविद्यालयबाट आरक्षित छात्रवृत्तिका लागि तयार पारेको Online फारम भर्नु पर्नेछ ।

(१०.५) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको प्रत्येक सेमेस्टर वा वर्षको अद्यावधिक विवरण सम्बन्धित क्याम्पसले सम्बन्धित डीन कार्यालयमा अनिवार्यरुपमा पठाउनु पर्नेछ

(१०.६) आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययनलाई निरन्तरता दिएमा अन्तिम सेमेष्टर सम्म छात्रवृत्ति प्राप्त गर्नेछ । आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययनलाई निरन्तरता नदिएमा वा अर्को कुनै कलेजमा स्नान्तरण भएमा नीजले स्थानान्तरित क्याम्पसमा आरक्षित छात्रवृत्ति पाउने छैन । यसरी रिक्त रहेको छात्रवृत्ति संकाय डीन कार्यालयको सिफारिसमा सम्बन्धित कलेजले सोही समूहको बैकल्पिक विद्यार्थीलाइ संकाय डीन कार्यालयबाट पूर्व प्रकाशित नतीजामा योग्यता सूची अनुसारको कायम रहेको विद्यार्थीलाई प्रदान गर्नु पर्नेछ । (वैकल्पिक विद्यार्थी सोही कलेजमा अध्ययनरत रहेको अवस्थामा मात्र)

(१०.७) छात्रवृत्तिमा छनौट भएका विद्यार्थी सम्बन्धित क्याम्पस कलेजमा तोकिएको समयमा भर्ना हुन नआएमा योग्यताक्रमको आधारमा उच्चतम अंक प्राप्त गर्ने सोही समूहको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।

(१०.८) आरक्षित छात्रवृत्तिमा अनुत्तीर्ण भएमा वा बैकल्पिक उम्मेदवार समेत नभएको अवस्थामा वा आवेदन नपरेमा, आरक्षित तर्फका सबै रिक्त छात्रवृत्तिहरु जेहेन्दार छात्रवृत्ति तर्फ परिणत हुनेछन् ।

(१०.९) एक क्याम्पसमा छात्रवृत्ति पाउँ भनि निवेदन दिएको विद्यार्थीले अर्को क्याम्पसमा आरक्षित छात्रवृत्ति प्राप्त गर्न सक्नेछैन ।

(१०.१०) सम्बन्धित संकाय डीन कार्यालयले आफ्नो संकाय अन्तर्गत सञ्चालित सबै शैक्षिक कार्यक्रमहरुको छात्रवृत्ति प्रवेश परीक्षा लिनु पर्नेछ र प्रत्येक सेमेष्टर/वर्षको छात्रवृत्तिको विवरण अध्यावधिक राख्नुपर्नेछ ।

(१०.११) आरक्षित छात्रवृत्ति पाउने विद्यार्थीहरुको हकमा सम्बन्धित कलेज/क्याम्पसहरुले विश्वविद्यालयलाई प्रति विद्यार्थी रजिष्ट्रेशन शुल्क (एक पटक) र परीक्षा शुल्क (प्रत्येक सेमेष्टर/वर्ष) वाहेक प्रति विद्यार्थी नियमानुसार लाग्ने सम्बन्धन शुल्क बुझाउनु पर्ने छैन । र कुनै पनि कलेजले विद्यार्थीबाट कुनै प्रकारको अन्य शुल्क लिन पाउने छैन तर उपरोक्त तोकिएको शुल्क वाहेक कलेजले अन्य अतिरिक्त शैक्षिक क्रियाकलापहरु जस्तै शैक्षिक भ्रमण, औद्योगिक भ्रमण, सामाजिक क्रियाकलापहरु सञ्चालन गरेमा कलेजलाई अतिरिक्त शुल्क लिन यस नियमले बाधा पार्ने छैन । पाठ्यक्रममा तोकिएको बाहेक अन्य अतिरिक्त क्रियाकलापहरु गर्नुपूर्व सम्बन्धित संकाय डीनको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ११. <u>छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्था</u>

(११.१) प्रथम सेमेष्टर/वर्षमा विभिन्न संकायमा अध्ययनरत विद्यार्थीहरुको स्वीकृत प्रति सेक्सन संख्या बमोजिमको शैक्षिक कार्यक्रमहरुमा तपसिलको तालिका बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ ।

| **स्नातक/स्नातकोत्तर विद्यार्थी भर्नाको स्वीकृत सिट संख्या (प्रति सेक्सन)** | **प्रति सेक्सन स्वीकृत विद्यार्थी संख्याको आधारमा प्रदान गरिने छात्रवृत्ति संख्या** | |
|---|---|---|
| | जेहेन्दार छात्रवृत्ति | आरक्षित छात्रवृत्ति |
| २० (स्नात्तकोत्तर) | १ | १ |
| ३० (स्नातक र स्नात्तकोत्तर) | १ | २ |
| ३३ (स्नात्तकोत्तर) | १ | २ |
| ४८ (स्नातक) | २ | ३ |
| ५० (स्नात्तकोत्तर) | २ | ३ |
| ६० (स्नातक) | ३ | ३ |

**<u>प्रष्टिकरण:</u>** विद्यार्थी स्वीकृत संख्या प्रतिशेक्सन ४८ र ५० भएता पनि भर्ना संख्या ३० जना वा सो भन्दा कम भएमा पनि ३ जना (एक जना जेहेन्दार र दुई जना आरक्षित) र विद्यार्थी स्वीकृत संख्या प्रतिशेक्सन ६० को हकमा ४० जना वा सो भन्दा कम भएमा पनि न्यूनतम ४ जना (दुई जना जेहेन्दार र दुई जना आरक्षित) लाई छात्रवृत्ति प्रदान गरिने छ ।

(११.२) प्रति सेक्सन स्वीकृत विद्यार्थी संख्या ४८ हुने शैक्षिक कार्यक्रमको हकमा प्रति सेक्सन ४८ भन्दा बढी भर्ना भएको अवस्थामा सम्बन्धित कलेजले पहिलो सेक्सनको पूर्ण संख्या बराबर छात्रवृत्ति (३ जना आरक्षित र २ जना जेहेन्दार) प्रदान गर्नुपर्नेछ भने दोस्रो सेक्सन देखि थप भर्ना भएका विद्यार्थी संख्याको १०% (आरक्षित ५% र जेहेन्दार ५%) का दरले तपशिल बमोजिमको संख्या अनुसार थप छात्रवृत्ति प्रदान गर्नुपर्ने छ ।

| थप विद्यार्थी भर्ना संख्या | थप छात्रवृत्ति | |
|---|---|---|
| | जेहेन्दार छात्रवृत्ति | आरक्षित छात्रवृत्ति |
| ०-४ | - | - |
| ५-१४ | १ | - |
| १५-२४ | १ | १ |
| २५-३४ | २ | १ |
| ३५-४४ | २ | २ |
| ४५-५४ | ३ | २ |
| ५५-६४ | ३ | ३ |
| ६५-७४ | ४ | ३ |
| ७५-८४ | ४ | ४ |
| ८५-९४ | ५ | ४ |
| ९५-१०४ | ५ | ५ |
| थप विद्यार्थी भर्ना संख्या १०५ वा सो भन्दा बढी भएमा माथिको अनुपातमा छात्रवृत्ती प्रदान गरिने छ। | | |

(११.३) प्रति सेक्सन स्वीकृत विद्यार्थी संख्या ५० वा ६० हुने शैक्षिक कार्यक्रमको हकमा विद्यार्थी संख्या प्रति सेक्सन ५० र ६० भन्दा बढी भर्ना भएको अवस्थामा सम्बन्धित कलेजले पहिलो सेक्सनको पूर्ण संख्या ५० जना बराबर छात्रवृत्ति (३ जना आरक्षित र २ जना जेहेन्दार) र ६० जना बराबर (३ जना आरक्षित र ३ जना जेहेन्दार) प्रदान गर्नुपर्नेछ भने दोश्रो सेक्सन देखि थप भर्ना भएका विद्यार्थी संख्याको १०% (आरक्षित ५% र जेहेन्दार ५%) का दरले तपशिल बमोजिमको संख्या अनुसार थप छात्रवृत्ति प्रदान गर्नुपर्ने छ।

| थप विद्यार्थी भर्ना संख्या | थप छात्रवृत्ति | |
|---|---|---|
| | जेहेन्दार छात्रवृत्ति | आरक्षित छात्रवृत्ति |
| ० - ४ | - | - |
| ५ - १४ | - | १ |
| १५ - २४ | १ | १ |
| २५ - ३४ | १ | २ |
| ३५ - ४४ | २ | २ |
| ४५ - ५४ | २ | ३ |
| ५५ - ६४ | ३ | ३ |
| ६५ - ७४ | ३ | ४ |
| ७५ - ८४ | ४ | ४ |
| ८५ - ९४ | ४ | ५ |
| ९५ - १०४ | ५ | ५ |
| थप विद्यार्थी भर्ना संख्या १०५ वा सो भन्दा बढी भएमा माथिको अनुपातमा छात्रवृत्ती प्रदान गरिने छ। | | |

(११.४) माथी जे सुकै लेखिएको भएतापनि स्नातक तहको हकमा विद्यार्थी संख्या 'N' सेक्शनको लागि भर्ना स्वकृति लिएका कलेज/क्याम्पसहरुको हकमा छात्रवृत्ति संख्या कम्तीमा [५*(N-1)] जना हुनेछ वा स्वीकृत भर्ना कोटा पूरा नहुने अवस्थामा कलेज/क्याम्पसहरुले विद्यार्थी भर्ना कोटाको स्वीकृत संख्या घटाउनका लागि पूर्वाञ्चल विश्वविद्यालय को नियमानुसार तोकिएको दस्तुर भुक्तान गरी प्रवेश परीक्षा संञ्चालन हुनु पूर्वनै सम्बन्धित संकाय डिनलाई सम्बोधन गरी संकाय डीन कार्यालयमा आवेदन दिएमा छात्रवृत्तिको वितरण उपदफा (११.१) (११.२) र (११.३) बमोजिम नै प्रदान गर्न सकिनेछ। यहा 'N' भन्नाले स्वीकृत सेक्शन संख्या २ वा २ भन्दा बढीलाइ जनाउछ।

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
कार्यकारी परिषद्बाट स्वीकृत

## परिच्छेद-३

## आरक्षित छात्रवृत्तिको मूल्यांकन

**१२. स्नातकोत्तर तथा स्नातक तहको आरक्षित छात्रवृत्तिको लागि मूल्यांकनको अंक भार तपसिल वमोजिम हुनेछ।**

(१२.१) स्नातक तहको छात्रवृत्तिको मूल्यांकन जम्मा १०० अंकमा हुनेछ र उक्त अंकको वर्गीकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षा वा छात्रवृत्ति प्रवेश परीक्षामा स्नातक तहका सवै कार्यक्रमहरुमा कम्तिमा ३५ प्रतिशत अंक हासिल गर्न नसकेको परीक्षार्थी कुनै किसिमको छात्रवृत्तिका लागि योग्य हुने छैन ।

| क्र.सं. | विवरण | अंकभार |
|---|---|---|
| (क) | छात्रवृत्ति प्रवेश परीक्षाको प्राप्ताङ्कको | २५ प्रतिशतले हुने अंक |
| (ख) | SEE वा कक्षा १० वा सो सरहका परीक्षाको प्राप्ताङ्कको | ५ प्रतिशतले हुने अंक |
| (ग) | +2 /A Level/कक्षा १२ वा सो सरहका परीक्षाको प्राप्ताङ्कको | १० प्रतिशतले हुने अंक |
| (घ) | सरकारी/सामुदायिक/ विद्यालयबाट SEE वा कक्षा १० वा सो सरहका परीक्षा दिएको परीक्षार्थी | ५ अंक |
| (ङ) | सरकारी /सामुदायिक कलेजबाट +2 /A Level/कक्षा १२ वा सो सरहका परीक्षा दिएको परीक्षार्थी | ५ अंक |
| (च) | महिला | १० अंक |
| (छ) | दलित / आदिवासी / जनजाती /मधेशी /मुसलमान | १० अंक |
| (ज) | पिछडीएको दुर्गम क्षेत्रका व्यक्तिहरु | १० अंक |
| (झ) | वेपत्ता पारिएका व्यक्ति तथा शहिदका परिवार / अपाङ्ग व्यक्ति / जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते वा तिनका परिवार / द्वन्दपिडित / विस्थापित / एकल महिला | १० अंक |
| (ञ) | पूर्व कमैया/हलिया/विपन्न वर्ग | १० अंक |
| | **जम्मा** | **१०० अंक** |
| CGPA उल्लेख भएका प्रमाणपत्रहरुको हकमा अनूसूची ६ अनुसार विद्यार्थीहरुको प्राप्तांकलाई प्रतिशतमा रुपान्तरण गरिनेछ । | | |

(१२.२) स्नातकोत्तर तहको छात्रवृत्तिको मूल्यांकन भार १०० हुनेछ र उक्त वर्गीकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षामा सबै संकायहरुतर्फ स्नातकोत्तर तहका सवै शैक्षिक कार्यक्रमहरुमा कम्तिमा ४५% अंक हासिल गर्न नसकेको परीक्षार्थीको मूल्यांकन गरिने छैन ।

| क्र.सं. | विवरण | अंकभार |
|---|---|---|
| (क) | प्रवेश परीक्षाको प्राप्ताङ्कको | २५ प्रतिशतले हुने अंक |
| (ख) | सरकारी सामुदायिक विद्यालयबाट SEE वा कक्षा १० वा सोसरह को प्राप्ताङ्कको | ५ प्रतिशतले हुने अंक |

| | | |
|---|---|---|
| (ग) | सरकारी सामुदायिक कलेजबाट +2 /A level/कक्षा १२ वा सो सरह को प्राप्ताङ्कको | ५ प्रतिशतले हुने अंक |
| (घ) | स्नातक वा सो सरहका परीक्षाको प्राप्ताङ्कको | १५ प्रतिशतले हुने अंक |
| (ङ) | महिला | १० अंक |
| (च) | दलित / आदिवासी / जनजाती / मधेशी / मुसलमान | १० अंक |
| (छ) | पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिहरु | १० अंक |
| (ज) | वेपत्ता पारिएका व्यक्ति तथा शहिदका परिवार / अपाङ्ग व्यक्ति / जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते वा तिनका छोराछोरी / द्वन्दपिडित / विस्थापित/एकल महिला | १० अंक |
| (झ) | पूर्व कमैया / हलिया / विपन्न वर्ग | १० अंक |
| | **जम्मा** | **१०० अंक** |

- CGPA उल्लेख भएका प्रमाणपत्रहरुको हकमा अनूसूची ६ अनुसार विद्यार्थीहरुको प्राप्तांकलाई प्रतिशतमा रुपान्तरण गरिनेछ।
- शैक्षिक कार्यक्रमहरु LLB, PGDCA, One Year B.Ed. लाई स्नातकोत्तर सरह अंकभार कायम हुने।

(१२.३) प्रष्ट प्रतिशत नभएको/नखुलेको हकमा विद्यार्थीले प्राप्त गरेको ग्रेडको न्यूनतम प्रतिशतलाई मानिनेछ।

(१२.४) पूर्वाञ्चल विश्वविद्यालयका शिक्षक/कर्मचारीहरू एवं निजका सन्ततिहरूलाई उपलब्ध गराईने छात्रवृत्ति सम्बन्धी व्यवस्था विश्वविद्यालयले गर्ने निर्णय बमोजिम हुनेछ। यस प्रयोजनका लागि कुनै शिक्षक वा कर्मचारीहरु स्वंय वा नीजका छोराछोरीले आफूले ईच्छाएको शैक्षिक कार्यक्रमको प्रवेश परीक्षामा सामेल हुन चाहेमा यस सम्बन्धी जानकारी लिखित रुपमा परीक्षा सञ्चालन पूर्व सम्बन्धित डीन कार्यालयमा अनिवार्य रुपमा गराउनु पर्नेछ। अन्यथा नीजहरुलाई यस सम्बन्धी व्यवस्था गर्न विश्वविद्यालय बाध्य हुने छैन।

(१२.५) कुनै पनि सरकारी तथा अर्ध सरकारी निकायमा कार्यरत कर्मचारीहरुलाई विश्वविद्यालयको कुनै पनि संकायको कुनै पनि शैक्षिक कार्यक्रमहरुमा विद्यार्थीहरुलाई प्रदान गरिने आरक्षित छात्रबृत्ति प्रदान गरिने छैन।

## परिच्छेद-४

## छात्रवृत्तिको सूचना, कागजात तथा नतिजा प्रकाशन

### १३. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार

(१३.१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) छात्रवृत्ति सम्बन्धी सूचना राष्ट्रिय स्तरको सञ्चार माध्यमबाट वा विश्वविद्यालयको वेबसाईटको माध्यमबाट सार्वजनिक रूपमा सूचित गर्ने।

(ख) छात्रवृत्तिमा छनौट भएका उम्मेदवारहरूको योग्यताक्रम सूची प्रकाशित गरी वेबपेज तथा सम्बन्धित क्याम्पसमा पठाउने।

पूर्वाञ्चल विश्वविद्यालय PURBANCHAL UNIVERSITY कार्यकारी परिषद्बाट स्वीकृत

(ग) आवश्यक परेमा विभिन्न उप–समिति गठन गरी आवश्यक छात्रवृत्ति छनोटको कार्य छिटो तथा मर्यादित ढङ्गले सम्पन्न गर्ने/गराउने ।

(घ) छात्रवृत्ति सम्बन्धी काम सम्पन्न गर्नको लागि आवश्यक काम गर्ने गराउने ।

## १४. छात्रवृत्ति सम्बन्धी जानकारी सार्वजनिक रूपमा सूचना गर्नुपर्ने

(१४.१) छात्रवृत्ति सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्दा देहाय बमोजिमका कुराहरू खुलाउनु पर्नेछ ।

(क) छात्रवृत्तिमा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता ।

(ख) छात्रवृत्तिको लागि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक प्रमाणहरू ।

(ग) दरखास्त दिने web page को link ।

(ङ) प्रवेश परीक्षाको फारम भर्दा आरक्षित समुहमा भर्ने विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने जानकारी । तथा आवश्यक प्रमाणपत्रहरू फारम भर्दा नै अनिवार्यरूपमा संगै सलग्न गर्नु पर्ने कागजातको विवरण ।

(च) आवेदन गरेका विद्यार्थीहरूले पेश गर्नु पर्ने प्रमाणित प्रमाणपत्रहरू नियम १६ अनुसार हुनेछ ।

(छ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट उतीर्ण भएका विद्यार्थीहरूले समकक्षताको प्रमाण पत्र साथै स्पष्टरूपमा प्राप्ताङ्क प्रतिशत खुलेको कागजात पेश गर्नु पर्नेछ, अन्यथा निजको आवेदन स्वीकृत गरिने छैन ।

## १५. छात्रवृत्ति उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता

(१५.१) छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरू पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) आरक्षित छात्रवृत्तिका लागि दरखास्त दिने उम्मेदवारहरूले आफू कुन समुहबाट आवेदन गर्ने हो, सोको आधिकारिक प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(ग) पूर्वाञ्चल विश्वविद्यालयले तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।

## १६. उम्मेदवारले पेश गर्नुपर्ने प्रमाणपत्र र कागजात

(१६.१) सबै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिदा दरखास्तका साथ देहायका प्रमाणित कागजातहरू पेश गर्नुपर्ने छ ।

(क) नागरिकताको प्रतिलिपि ।

(ख) SEE वा कक्षा १० वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरू तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, ।

(ग) NEB (+2)/A level/कक्षा १२ वा सो सरहको परीक्षामा प्राप्त प्राप्ताङ्कको एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाण पत्र तथा कक्षा ११ को ग्रेडसिट ।

(घ) आवेदन दिएका विद्यार्थीहरुले शैक्षिक योग्यता एवं माग भएका अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि र स्पष्ट रुपमा प्राप्तांक प्रतिशत/ग्रेड खुलेको कागजात ।

(ङ) आरक्षित समूहमा प्रवेश परीक्षाको फारम भर्दा नै आवश्यक प्रमाणपत्रहरू अनिवार्यरूपमा संगै सलग्न गर्नु पर्नेछ । पछि बुझाएका कुनै पनि प्रमाणपत्रहरू (ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण पत्र) वाहेक मान्य/स्वीकृत हुने छैन । तर समितिले माग गरेको समयसीमा भित्र अनिवार्य रुपमा तोकिएका प्रमाणपत्रहरू (ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण पत्र) हरु पेश गर्नुपर्नेछ ।

(च) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट उत्तीर्ण भएका विद्यार्थीहरूको हकमा Transcript, Equivalence को प्रमाणपत्र ।

(छ) स्नातकोत्तर तह तथा स्नातक तह पास गरेको न्यूनतम योग्यता हुने सबै कार्यक्रमको हकमा स्नातक वा स्नातकोत्तर सो सरहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू ।

(१६.२) दफा १२ को उपदफा १२.१ अनुसारको कागजातहरुका अतिरिक्त आरक्षित छात्रवृत्तिमा आवेदन दिने उम्मेदवारले देहाय बमोजिमको कागजात सम्बन्धित आधिकारिक निकायबाट प्रमाणित गरी पेश गनुपर्नेछ । दलित/पूर्व कमैया/हलिया, जनजाति/आदिवासी, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिदका छोराछोरी, द्वन्द पिडित, विस्थापित, एकल महिला, जन अन्दोलन तथा मधेश आन्दोलनको घाइते वा तिनका परिवार, मधेसी, विपन्नवर्ग, मुसलमानलाई छुटयाइएको मुल्यांकन भार बराबरको अंक प्राप्त गर्न चाहने व्यक्तिले सम्बन्धित निकायबाट आफु दलित/पूर्व कमैया/हलिया, जनजाति, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिदका परिवार, एकल महिला, जन आन्दोलन तथा मधेश आन्दोलनको घाइते वा तिनका परिवार, मधेशी, विपन्न वर्ग, मुसलमान, द्वन्द पिडित, विस्थापित भएको भनी उपलब्ध गराएको सिफारिस/प्रमाणपत्रको प्रमाणित पत्र दरखास्त बुझाउने समयमा नै अनिवार्य पेश गर्नु पर्नेछ । माथि उल्लेखित प्रमाणित पत्र र माग भए बमोजिमको शैक्षिक योग्यताका कागजातहरू शर्त राखी पछि पेश गर्न पाईनेछैन ।

**प्रष्टीकरणः आधिकारिक निकायको हकमा तपसिल बमोजिम प्रमाणित हुनुपर्नेछ ।**

(क) शहिदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार,घाईते योद्धाको परिवार र द्धन्द पिडीत समूहका व्यक्तिहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(ख) दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुसलमान समूहका व्यक्तिहरुले सम्बन्धित आयोग, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहबाट प्रमाणित गरिएको प्रमाणपत्र ।

(ग) अपांगता भएका व्यक्तिको हकमा परिचयपत्रका साथ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट नीज उमेदवार आवेदन गरेको विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको प्रमाणित सिफारिस पत्र ।

(घ) सामुदायिक विद्यालय/कलेजमा SEE वा सो सरह तथा +2 वा सो सरह अध्ययन गरेको व्यक्तिले सम्बन्धित विद्यालय/कलेजका प्रधानाध्यापक/क्याम्पस प्रमुखको सिफारिसमा स्थानीय तहको शिक्षा शाखा प्रमुखबाट प्रमाणित गरिएको पत्र ।

(ङ) अन्य वर्गहरुको हकमा स्थानीय तहबाट प्रमाणित गरिएको प्रमाणपत्र ।

## १७. सिफारिस सम्बन्धमा

(१७.१) अनुसूची १ बमोजिमका दलित, अनुसूची २ मा उल्लेखित जनजाति र पूर्व कमैया, हलिया, अपाङ्गता भएका व्यक्ति, वेपत्ता पारिएका व्यक्ति, शहिदका छोराछोरी, द्वन्द पिडित, विस्थापित, पिछडिएको दुर्गम क्षेत्र, एकल महिला, जनआन्दोलनका घाइते वा तिनका छोराछोरी, मधेशी, विपन्न वर्ग, मूसलमान आदिले सरकारी/सामुदायिक विद्यालय वा सरकारी/सामुदायीक कलेज/क्याम्पसका सम्बन्धित प्रमाणपत्रहरू नेपाल सरकारको सम्बन्धित निकायबाट प्रष्टरूपमा प्रमाणित गराई प्रमाण पत्र पेश गर्नु पर्नेछ । पिछडिएको जिल्लाको सुविधा प्राप्त गर्नका लागि सोही जिल्लाबाट एसइई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको तथा नागरिकता प्राप्त गरेको हुनुपर्नेछ ।

(१७.२) सिफारिसको हकमा विद्यार्थीले पेश गरेको प्रमाणपत्रहरू झूठो ठहरिएमा विद्यार्थी स्वयंम जिम्मेवार हुने, निज विद्यार्थीको छात्रवृत्ति खारिज हुने र विश्वविद्यालयको नियमानुसारको कडा कारबाही समेत हुनेछ ।



पूर्वाञ्चल विश्वविद्यालय 2052 1995 PURBANCHAL UNIVERSITY Gothgaun, Morang, Nepal कार्यकारी परिषद्बाट स्वीकृत

**१८. योग्यताक्रम प्रकाशित गर्ने**

(१८.१) सम्बन्धित क्याम्पस/कलेजहरूमा कार्यक्रमगत रूपमा छात्रवृत्ति पाउने उम्मेदवारहरूको योग्यताक्रम सूची शैक्षिक कार्यक्रम अनुसार विश्वविद्यालयको आधिकारिक छाप र समितिका अध्यक्षको हस्ताक्षर सहित प्रकाशन गर्नु पर्नेछ ।

(१८.२) आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनुसूची ३ अनुसारको कबुलियतनामा गर्नु पर्नेछ । र तपशिल वमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) छात्रवृत्तिको लागि छनौट भई सके पछि सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन गर्न पाईने छैन र तोकिएको शैक्षिक कार्यक्रममा नै अध्ययन गर्नुपर्नेछ ।

(ख) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक सस्थाको प्रतिष्ठामा आँच पुर्याउने किसिमको काम गरे गराएमा त्यस्तो विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति खारेज गर्न सकिनेछ ।यस प्रयोजनका लागि सम्बन्धित कलेजको प्रमुखले तथ्य र प्रमाण सहित सम्बन्धित डीन कार्यालयमा पत्राचार गर्नुपर्नेछ । नीजले प्राप्त गरेको छात्रवृत्ति खारेज गर्ने/नगर्ने अन्तिम अधिकार संकाय डीनमा रहनेछ।

(१८.३) सम्बन्धित शैक्षिक संस्थाले विश्वविद्यालयको सम्बन्धित डीन कार्यालयलाई हरेक सेमेष्टर/वर्षको छात्रवृत्ति अन्तर्गतका विद्यार्थीहरूको प्रतिवेदन अनिवार्यरुपमा पठाउनु पर्नेछ ।

(१८.४) छात्रवृत्तिको सूची प्रकाशित भएकोमा कसैको दावी विरोध भएमा सूची प्रकाशित भएको ७ (सात) दिन भित्र सम्बन्धित डीन कार्यालयमा निवेदन दिन सक्नेछ अन्यथा प्रकाशित सूची नै अन्तिम मानिनेछ । उक्त समय भित्र त्यस्तो निवेदन उपर सम्बन्धित संकायको छात्रवृत्ति प्रवेश परीक्षा समितिले कारवाही गरी निरुपण गर्नेछ।

## परिच्छेद- ५

## पर्यवेक्षक सम्बन्धी व्यवस्था

**१९. प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षामा देहाय बमोजिम विशेष अवलोकनकर्ता, विशेष पर्यवेक्षक र पर्यवेक्षकहरु संकाय डीनले तोक्न सक्नेछन् ।**

| | | |
|---|---|---|
| (क) | उपकुलपति तथा रजिष्ट्रार | विशेष अवलोकनकर्ता |
| (ख) | डीन / परीक्षा नियन्त्रक/कार्यकारी निर्देशकहरु / कार्यकारी परिषद् सदस्य / प्राध्यापक / सह प्राध्यापक / सम्बन्धित विषय समितिका अध्यक्षहरु / भेटेरीनरी र ईन्जिनियरिङ परिषद्का अध्यक्ष एवम् रजिष्ट्रार / पू.वि. प्राध्यापक संघ केन्द्रीय सभापति / मुख्य अधिकृत / पू.वि.कर्मचारी संघ केन्द्रीय सभापति / सह-डीन / सह-परीक्षा नियन्त्रक / सह-रजिष्ट्रार / आंगिक स्कूल वा कलेज वा क्याम्पसका डाईरेक्टर वा प्रमुखहरु | विशेष पर्यवेक्षक |
| (ग) | उप-प्राध्यापक / वरिष्ठ अधिकृत/सहायक प्राध्यापक / अधिकृत तहका कर्मचारीहरु | पर्यवेक्षक |

२०. संकाय डीनबाट सञ्चालन हुने प्रवेश परीक्षा समिति, छात्रवृत्ति प्रवेश परीक्षा समिति र स्कूल/कलेज/क्याम्पसहरुले सञ्चालन गर्ने प्रवेश परीक्षा समितिको हकमा दफा १९ मा गरिएको व्यवस्था अनुसार विशेष पर्यवेक्षक,केन्द्राध्यक्ष,पर्यवेक्षकहरु, निरीक्षक र कर्मचारी प्रति परीक्षा केन्द्र अनुसार संकाय डीनले देहाय बमोजिम तोक्न सक्नेछन् ।

| **क्र.सं.** | **प्रति परीक्षा केन्द्र** | **विशेष पर्यवेक्षक/पर्यवेक्षक** |
|---|---|---|
| क | ६० जना वा सो भन्दा कम विद्यार्थी संख्या भएमा | बढीमा ३ जना |
| ख | ६० जनाभन्दा बढी १२० जनासम्म | बढीमा ६ जना |
| ग | १२० जनाभन्दा बढी १८० जनासम्म | बढीमा ८ जना |
| घ | १८० जनाभन्दा बढी परीक्षार्थी भएमा थप प्रति १०० जना परीक्षार्थी बराबर २ जनाको दरले थप गर्न सकिने । | |

**निरीक्षक र कर्मचारी सम्बन्धी व्यवस्थाः**

- १२ (बाह्र) विद्यार्थी बराबर एकजना निरीक्षक र थप पचास (५०) प्रतिशत वा बढी भएको हकमा एकजना थप निरीक्षक एवं सोहि वमोजिमको संख्या कायम हुने ।
- प्रति १०० (एक सय) जना विद्यार्थी बराबर एकजना कर्मचारी र एकजना कार्यालय सहयोगी र थप पचास प्रतिशत वा बढी भएको हकमा एक/ एक जना कर्मचारी र कार्यालय सहयोगी थप हुने एवं सोही वमोजिमको संखुया कायम हुने ।

२१. कार्यविधिको व्याख्या र बाधा अड्काउ फुकाउ अधिकार कार्यकारी परिषद्मा रहनेछ ।

***



कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची–१

# दलित जातीय अनुसूची विवरण

(उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिले सूचीकृत गरे वमोजिमको दलित जातीको सूची)

| पहाडी मूल |
|---|
| गन्धर्व (गाईने) |
| परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची ढोली, हुड्के) |
| बादी |
| विश्वकर्मा (कामी, लोहार, सुनार ओड, चुनँरा, पार्की, टमटा) |
| मिजार (सार्की, चर्मकार, भूल) |
| पोडे (देउला, पुजारी, जलारी) |
| च्यामे (कुचीकार, च्याम्खल) |

| मधेश मूल |
|---|
| कलर |
| ककैहिया |
| कोरी |
| खटिक |
| खत्वे (मण्डल, खङ्ग) |
| चमार (राम, मोची, हरिजन, रविदास) |
| चिडिमार |
| डोम (मरिक) |
| तत्मा (ताँती, दास) |
| दुसाध (पासवान ,हजरा) |
| धोबी (रजक, हिन्दु) |
| पासी |
| बाँतर |
| मुसहर |
| मेस्तर(हलखोर) |
| सरभङ्ग (सरवरिया) |
| नटुवा |
| ढाँडी |
| धरिकर/धन्का |

पूर्वाञ्चल विश्वविद्यालय
विराटनगर, मोरङ, नेपाल
2052 PURBANCHAL UNIVERSITY 1995
Gothgaun, Morang, Nepal
कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची–२

**आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा**

**सूचीकृत आदिवासी जनजातीको सूची**

**हिमाली भेग**

सियार, ल्होमी (सिङ्सावा), लेप्चा, भोटे, तोप्केगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, वालुङ, ताङ्वे, थकाली, तीनगाउँले थकाली, बाह्रगाउँले, मार्फाली थकाली, शेर्पा, ब्यासी, ह्योल्मो

**पहाडी भेग**

राउटे, सुरेल, हायू, थुदाम, चेपाङ, थामी, बराम, सुनुवार, तामाङ, भुजेल, कुमाल, दराई, पहरी, दुरा, गुरुङ्ग, मगर, राई, लिम्बु, छैरोतन, याक्खा, छन्त्याल, जिरेल, नेवार

**भित्री मधेश**

कुसुण्डा, राजी, माझी, बोटे, फ्री

**तराई क्षेत्र**

वनकरिया, किसान, मेचे, कुशवाडिया, धानुक, सतार/सन्थाल, झाँगड (उराव), दनुवार, थारु, राजवंशी, गन्गाई, धिमाल, ताजपुरिया,राना थारु

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
1995
कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची–३

## कवुलियतनामा

श्री ........................................ को नाती / नातिनी श्री ............................................. को छोरा / छोरी ............................... प्रदेश.............................जिल्ला ..................... गा.पा.न. पा./उमनपा/मनपा ....................................वडामा मिति ..........................................जन्म भएको म ............................... पूर्वाञ्चल विश्वविद्यालयबाट मिति .......................... मा .................. कार्यक्रम ....................................(शैक्षिक संस्था) मा अध्ययन गर्नको लागि छात्रवृत्तिमा छनौट भएकोले पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा , छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि – २०८२ बमोजिमका शर्तहरू पालन गर्दै म कुनै पनि सरकारी वा अर्धसरकारी कार्यालय/निकायमा कार्यरत रहेको छैन। उल्लेखित विवरण झुटो ठहरिएमा मेरो भर्ना जुनसुकै वेला रद्द हुनेछ भन्नेमा मेरो मञ्जुरी रहेको छ। पछि कुनै उजुरी गर्ने छैन। उजुरी गरेमा यसैलाई आधार मानी विश्वविद्यालयले गरेको निर्णय मान्य छ भनी यो कवुलियतनामा गरी पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाएँ।

**<u>छात्रवृत्ति पाउनेको</u>**

सही

नामः

ठेगानाः

मितिः

**<u>कबुलियतनामा बुझ्नेको</u>**

सही

नामः

ठेगानाः

मितिः

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची–४

## पूर्वाञ्चल विश्वविद्यालय
## प्रवेश परीक्षा तथा छात्रवृत्ति प्रवेश परीक्षाका परीक्षार्थीहरूलाई निर्देशन

१) परीक्षार्थीहरूले परीक्षा दिन आउदा आफ्नो प्रिन्ट गरेको प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने सक्कल नागरिकता वा सवारीचालक अनुमतिपत्र वा राष्ट्रिय परिचय पत्र अनिवार्य रूपमा लिएर आउनुपर्नेछ।

२) परीक्षार्थीहरूले केन्द्राध्यक्षद्वारा निर्देशित सीटप्लान अनुसार तोकिएको स्थानमा बस्नु पर्नेछ।-

३) परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, निरीक्षकहरूद्वारा गरिएका निर्देशनहरू पालना गर्नु परीक्षार्थीको कर्तव्य हुनेछ। कर्तव्य पालन नगर्ने परीक्षार्थीलाई निष्काशन तथा निजको परीक्षा रद्द गर्न समेत सकिनेछ।

४) प्रवेश परीक्षा प्रारम्भ भएको ३० मिनेट भन्दा बढी ढिलो गरी परीक्षा दिन आउने परीक्षार्थीलाई परीक्षामा सम्मिलित गराइने छैन।

५) परीक्षार्थीहरूले परीक्षा हलमा पुस्तक, नोट, चिट, मोबाइल फोन, स्मार्ट घडि, प्रोग्रामेबल क्याल्कुलेटर, पर्स, पकेट कम्प्युटर, लगायत कुनै पनि इलेक्ट्रोनिक सामानहरु र निषेधित वस्तुहरू साथमा राख्न पाउने छैन। परीक्षार्थीले सामान्य साइन्टीफिक क्यालकुलेटर प्रयोग गर्न पाउने छन्।

६) परीक्षार्थीहरूले परीक्षा कोठामा हल्लागर्ने, एक आपसमा कुराकानी गर्ने, एक अर्काको प्रश्नपत्र र उत्तरपुस्तिका देखाउन र सांकेतिक रूपमा सम्पर्क राख्न पाउने छैन। यस्ता क्रियाकलापहरू गरिएको पाइएमा परीक्षाबाट निष्कासन गरिनेछ।

७) परीक्षार्थीहरूले Answer Sheet मा विश्वविद्यालयले तोकेको कालो Gel Pen ले मात्र अंकित गर्नु पर्नेछ।

८) परीक्षा दिंदा परीक्षार्थीहरूले आवश्यक Rough work गर्नु परेमा Question Booklet को Back Side मा गर्न सकिनेछ। Question Booklet मा MCQ को उत्तर(Answer) tick/mark/circle गर्न पाईने छैन।

९) Answer Sheet मा केही केरमेट गर्न पाउने छैन। Answer Sheet मा परीक्षार्थीले आफ्नो नाम, रोल नर दस्तखत . गर्दा ध्यानपूर्वक सहि ठाउँमा सहि विवरण भर्नुपर्नेछ। कुनै कारण गल्ती भएमा नया Answer Sheet दिइने छैन।

१०) सम्बन्धित निरीक्षक संग प्रश्नका वारेमा कुनै पनि सोधपुछ गर्न पाइने छैन। उक्त कार्य गरेमा निजको परीक्षा रद्द गर्न सकिनेछ।

११) परीक्षार्थीहरुले परीक्षा प्रारम्भ भएको एक घण्टा भन्दा अगाडि आफ्नो सिट र परीक्षा भवन छाड्न पाइने छैन। तर कुनै कारणवश परीक्षा अवधिमा स्वास्थ्य वा अन्य कारणले शौचालय प्रयोग गर्नु पर्ने अवस्था आएमा नीजले Question Booklet र Answer Sheet दुवै बुझाएर जान सक्नेछन् र उक्त परीक्षामा पुनः सामेल हुन पाउने छैन।

१२) परीक्षा हल छाड्नु अघि परीक्षार्थीहरूले Question Booklet र Answer Sheet दुवै अनिवार्यरूपमा बुझाउनु पर्नेछ।

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची-५

### नेपाल सरकारको सम्बन्धित निकायबाट सिफारिस गर्न आफ्नै निर्धारित ढाँचा भए सोही वमोजिम, नभए तपशिल बमोजिमको ढाँचामा

श्रीमान् डीनज्यू
............................संकाय
पूर्वाञ्चल विश्वविद्यालय

**विषय:- विपन्नको सिफारिस गरिएको ।**

उपरोक्त सम्बन्धमा श्री ................................को नाति/नातिनी श्री................................ छोरा /छोरी................................. जिल्ला ........................ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.......................... बडा बस्ने .................. वर्ष ..........को श्री/ सुश्री /श्रीमती ..................................मिति......................देखी ................................सम्म सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज................................................ कारणले विपन्न भएको देखिँदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

कार्यालयको छापः

| सिफारिस गर्नेको | |
|---|---|
| सही | |
| नाम | |
| पद | |
| कार्यालय | |
| मिति | |

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
कार्यकारी परिषद्बाट स्वीकृत

## अनुसूची-६

### Purbanchal University
### Office of the Examination Management, Biratnagar
### CGPA to Percent (%) Conversion Table

| S.N. | CGPA | % | S.N. | CGPA | % | S.N. | CGPA | % |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 2.00 | 40.00 | 41 | 2.40 | 48.00 | 81 | 2.80 | 56.00 |
| 2 | 2.01 | 40.20 | 42 | 2.41 | 48.20 | 82 | 2.81 | 56.20 |
| 3 | 2.02 | 40.40 | 43 | 2.42 | 48.40 | 83 | 2.82 | 56.40 |
| 4 | 2.03 | 40.60 | 44 | 2.43 | 48.60 | 84 | 2.83 | 56.60 |
| 5 | 2.04 | 40.80 | 45 | 2.44 | 48.80 | 85 | 2.84 | 56.80 |
| 6 | 2.05 | 41.00 | 46 | 2.45 | 49.00 | 86 | 2.85 | 57.00 |
| 7 | 2.06 | 41.20 | 47 | 2.46 | 49.20 | 87 | 2.86 | 57.20 |
| 8 | 2.07 | 41.40 | 48 | 2.47 | 49.40 | 88 | 2.87 | 57.40 |
| 9 | 2.08 | 41.60 | 49 | 2.48 | 49.60 | 89 | 2.88 | 57.60 |
| 10 | 2.09 | 41.80 | 50 | 2.49 | 49.80 | 90 | 2.89 | 57.80 |
| 11 | 2.10 | 42.00 | 51 | 2.50 | 50.00 | 91 | 2.90 | 58.00 |
| 12 | 2.11 | 42.20 | 52 | 2.51 | 50.20 | 92 | 2.91 | 58.20 |
| 13 | 2.12 | 42.40 | 53 | 2.52 | 50.40 | 93 | 2.92 | 58.40 |
| 14 | 2.13 | 42.60 | 54 | 2.53 | 50.60 | 94 | 2.93 | 58.60 |
| 15 | 2.14 | 42.80 | 55 | 2.54 | 50.80 | 95 | 2.94 | 58.80 |
| 16 | 2.15 | 43.00 | 56 | 2.55 | 51.00 | 96 | 2.95 | 59.00 |
| 17 | 2.16 | 43.20 | 57 | 2.56 | 51.20 | 97 | 2.96 | 59.20 |
| 18 | 2.17 | 43.40 | 58 | 2.57 | 51.40 | 98 | 2.97 | 59.40 |
| 19 | 2.18 | 43.60 | 59 | 2.58 | 51.60 | 99 | 2.98 | 59.60 |
| 20 | 2.19 | 43.80 | 60 | 2.59 | 51.80 | 100 | 2.99 | 59.80 |
| 21 | 2.20 | 44.00 | 61 | 2.60 | 52.00 | 101 | 3.00 | 60.00 |
| 22 | 2.21 | 44.20 | 62 | 2.61 | 52.20 | 102 | 3.01 | 60.40 |
| 23 | 2.22 | 44.40 | 63 | 2.62 | 52.40 | 103 | 3.02 | 60.80 |
| 24 | 2.23 | 44.60 | 64 | 2.63 | 52.60 | 104 | 3.03 | 61.20 |
| 25 | 2.24 | 44.80 | 65 | 2.64 | 52.80 | 105 | 3.04 | 61.60 |
| 26 | 2.25 | 45.00 | 66 | 2.65 | 53.00 | 106 | 3.05 | 62.00 |
| 27 | 2.26 | 45.20 | 67 | 2.66 | 53.20 | 107 | 3.06 | 62.40 |
| 28 | 2.27 | 45.40 | 68 | 2.67 | 53.40 | 108 | 3.07 | 62.80 |
| 29 | 2.28 | 45.60 | 69 | 2.68 | 53.60 | 109 | 3.08 | 63.20 |
| 30 | 2.29 | 45.80 | 70 | 2.69 | 53.80 | 110 | 3.09 | 63.60 |
| 31 | 2.30 | 46.00 | 71 | 2.70 | 54.00 | 111 | 3.10 | 64.00 |
| 32 | 2.31 | 46.20 | 72 | 2.71 | 54.20 | 112 | 3.11 | 64.40 |
| 33 | 2.32 | 46.40 | 73 | 2.72 | 54.40 | 113 | 3.12 | 64.80 |
| 34 | 2.33 | 46.60 | 74 | 2.73 | 54.60 | 114 | 3.13 | 65.20 |
| 35 | 2.34 | 46.80 | 75 | 2.74 | 54.80 | 115 | 3.14 | 65.60 |
| 36 | 2.35 | 47.00 | 76 | 2.75 | 55.00 | 116 | 3.15 | 66.00 |
| 37 | 2.36 | 47.20 | 77 | 2.76 | 55.20 | 117 | 3.16 | 66.40 |
| 38 | 2.37 | 47.40 | 78 | 2.77 | 55.40 | 118 | 3.17 | 66.80 |
| 39 | 2.38 | 47.60 | 79 | 2.78 | 55.60 | 119 | 3.18 | 67.20 |
| 40 | 2.39 | 47.80 | 80 | 2.79 | 55.80 | 120 | 3.19 | 67.60 |

क्रमशः.....

PURBANCHAL UNIVERSITY 1995

कार्यकारी परिषद्बाट स्वीकृत

| S.N. | CGPA | % |
|---|---|---|
| 121 | 3.20 | 68.00 |
| 122 | 3.21 | 68.40 |
| 123 | 3.22 | 68.80 |
| 124 | 3.23 | 69.20 |
| 125 | 3.24 | 69.60 |
| 126 | 3.25 | 70.00 |
| 127 | 3.26 | 70.40 |
| 128 | 3.27 | 70.80 |
| 129 | 3.28 | 71.20 |
| 130 | 3.29 | 71.60 |
| 131 | 3.30 | 72.00 |
| 132 | 3.31 | 72.40 |
| 133 | 3.32 | 72.80 |
| 134 | 3.33 | 73.20 |
| 135 | 3.34 | 73.60 |
| 136 | 3.35 | 74.00 |
| 137 | 3.36 | 74.40 |
| 138 | 3.37 | 74.80 |
| 139 | 3.38 | 75.20 |
| 140 | 3.39 | 75.60 |
| 141 | 3.40 | 76.00 |
| 142 | 3.41 | 76.40 |
| 143 | 3.42 | 76.80 |
| 144 | 3.43 | 77.20 |
| 145 | 3.44 | 77.60 |
| 146 | 3.45 | 78.00 |
| 147 | 3.46 | 78.40 |

| S.N. | CGPA | % |
|---|---|---|
| 148 | 3.47 | 78.80 |
| 149 | 3.48 | 79.20 |
| 150 | 3.49 | 79.60 |
| 151 | 3.50 | 80.00 |
| 152 | 3.51 | 80.40 |
| 153 | 3.52 | 80.80 |
| 154 | 3.53 | 81.20 |
| 155 | 3.54 | 81.60 |
| 156 | 3.55 | 82.00 |
| 157 | 3.56 | 82.40 |
| 158 | 3.57 | 82.80 |
| 159 | 3.58 | 83.20 |
| 160 | 3.59 | 83.60 |
| 161 | 3.60 | 84.00 |
| 162 | 3.61 | 84.40 |
| 163 | 3.62 | 84.80 |
| 164 | 3.63 | 85.20 |
| 165 | 3.64 | 85.60 |
| 166 | 3.65 | 86.00 |
| 167 | 3.66 | 86.40 |
| 168 | 3.67 | 86.80 |
| 169 | 3.68 | 87.20 |
| 170 | 3.69 | 87.60 |
| 171 | 3.70 | 88.00 |
| 172 | 3.71 | 88.40 |
| 173 | 3.72 | 88.80 |
| 174 | 3.73 | 89.20 |

| S.N. | CGPA | % |
|---|---|---|
| 175 | 3.74 | 89.60 |
| 176 | 3.75 | 90.00 |
| 177 | 3.76 | 90.40 |
| 178 | 3.77 | 90.80 |
| 179 | 3.78 | 91.20 |
| 180 | 3.79 | 91.60 |
| 181 | 3.80 | 92.00 |
| 182 | 3.81 | 92.40 |
| 183 | 3.82 | 92.80 |
| 184 | 3.83 | 93.20 |
| 185 | 3.84 | 93.60 |
| 186 | 3.85 | 94.00 |
| 187 | 3.86 | 94.40 |
| 188 | 3.87 | 94.80 |
| 189 | 3.88 | 95.20 |
| 190 | 3.89 | 95.60 |
| 191 | 3.90 | 96.00 |
| 192 | 3.91 | 96.40 |
| 193 | 3.92 | 96.80 |
| 194 | 3.93 | 97.20 |
| 195 | 3.94 | 97.60 |
| 196 | 3.95 | 98.00 |
| 197 | 3.96 | 98.40 |
| 198 | 3.97 | 98.80 |
| 199 | 3.98 | 99.20 |
| 200 | 3.99 | 99.60 |
| 201 | 4.00 | 100.00 |

* * *

पूर्वाञ्चल विश्वविद्यालय
PURBANCHAL UNIVERSITY
Gothgaun, Morang, Nepal
1995
कार्यकारी परिषद्‌बाट स्वीकृत